# पोखरा विश्वविद्यालयको सत्रौं दीक्षान्त समारोहमा
# प्रमुख अतिथि डा. सुरेशराज शर्माले व्यक्त गर्नुभएको मन्तव्य

आदरणीय कुलपति सम्माननीय प्रधानमन्त्री श्री शेरबहादुर देउवाज्यू
सहकुलपति माननीय शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री श्री देवेन्द्र पौडेलज्यू
उपकुलपति डा. प्रेमनारायण अर्यालज्यू
विश्वविद्यालय सभाका सदस्यज्यूहरू
अभिभावकज्यूहरू
पत्रकारज्यूहरू
एवं दीक्षित हुने विद्यार्थीहरू !

पोखरा विश्वविद्यालयका उपकुलपति डा. प्रेमनारायण अर्यालज्यूबाट दीक्षान्त वक्ताका रूपमा यहाँ आउने आमन्त्रण पाएँ । सर्वप्रथम त्यसप्रति म हार्दिक धन्यवाद र कृतज्ञता व्यक्त गर्दछु । यति सुन्दर नगरीमा अवस्थित राम्रो विश्वविद्यालयमा आउन पाएकोमा, त्यसमा पनि यहाँ अध्ययन पूरा गर्ने भाग्यमानी विद्यार्थीहरूलाई दीक्षा दिने अवसर पाएकोमा म हर्षित बनेको छु । यति महत्त्वपूर्ण व्यक्तिहरूका सामु आफ्ना केही भनाइहरू र छटपटी भएका शब्दहरू राख्न पाउँदा मलाई झनै राहतको अनुभूति भइरहेको छ ।

हामी अहिले गण्डकी प्रदेशमा उपस्थित भएका छौं । यस प्रदेशका थुप्रै विशेषताहरू छन् ।

प्राकृतिक सौन्दर्यमा यो निकै बलियो छ –

- उच्च पर्वतीय शिखर धवलागिरी, अन्नपूर्ण, मनास्लुहरू यसै प्रदेशमा छन् ।
- विश्वको सबैभन्दा गहिरो खोच पनि यहीँ छ ।
- फेवा, बेगनास, तिलिचो र दामोदर कुण्ड जस्ता राम्रा प्राकृतिक तालहरू यहीँ छन् ।
- खनिज पदार्थका खानीहरू यहीँ छन् ।
- थुप्रै वनौषधिहरू यहीँ पाइन्छन् ।

सांस्कृतिक र ऐतिहासिक दृष्टिकोणले पनि यो प्रदेश धेरै धनी छ –

- नेपालको हिमाल उत्तरका भूभाग यसै प्रदेशभित्र छन् ।
- गुरुङ र थकाली संस्कृति यहीँ छ ।
- बाइसे-चौबिसे राज्यहरूबाट नेपाल राष्ट्रको एकीकरणको अवस्थामा पुऱ्याउने श्रेय यसै प्रदेशले लिएको छ ।

प्रखर चिन्तक, लेखक, कवि र विद्वान्हरूको प्रचुरता यहीँ छ –

- स्वामी शशिधर जस्ता चिन्तकहरू यतैका हुनुहुन्थ्यो ।

- आदिकवि भानुभक्त आचार्य, कविशिरोमणि लेखनाथ पौड्याल, राष्ट्रकवि माधवप्रसाद घिमिरे, जनकविकेशरी धर्मराज थापा, कवि भूपि शेरचन जस्ता साहित्यिक स्रष्टाहरू यही प्रदेशका हुनुहुन्थ्यो ।
- पण्डित दधिराम मरासिनी, डा. हर्कबहादुर गुरुङ, प्रा. यदुनाथ खनाल, डा. भेषबहादुर थापा, महावीर पुन जस्ता विद्वान् र वैज्ञानिकहरूको क्षेत्र पनि यही हो ।

राम्रा विद्यापीठहरू पनि यहीँ छन् –

- पृथ्वीनारायण क्याम्पस, पोखरा विश्वविद्यालय, गण्डकी विश्वविद्यालय, गण्डकी स्वास्थ्यविज्ञान प्रतिष्ठान, गण्डकी आवासीय विद्यालय जस्ता शिक्षालय यहीँ छन् ।
- थुप्रै बौद्ध गुम्बाहरू यसै प्रदेशमा पर्छन् ।

अन्य विधातर्फ हेर्दा –

- जलविद्युत उत्पादनमा मर्स्याङ्दी, सेती, गण्डकी, प्रस्तावित बुढीगण्डकी यहीँ पर्छन् ।
- अन्तर्राष्ट्रिय विमानस्थल यहीँ निर्माण भएको छ ।

यति हुँदाहुँदै पनि हामी अहिले कस्तो अवस्थामा छौँ त ? विचार गरौँ । एक छिन हाम्रा सामु देखिन थालेका चुनौतीहरूका बारेमा पनि चिन्तन गरौँ ।

- हामी विज्ञान र प्रविधिको अत्यन्त तीव्र रूपमा विकास भइरहेको युगमा छौँ । यस विधामा अरूले गरेको विकासको तुलनामा हामी धेरै पछि थियौँ । अहिले त झनै पछि पर्दै गएको देख्तैछौँ ।
- युवा बेरोजगारीले छटपटिइरहेका थियौँ । अब त झन् युवाहरू पलायन भएको देख्न थालिसकेका छौँ ।
- अत्यावश्यक वस्तुहरूको आयातमा दिन-प्रतिदिन बृद्धि भइरहेको छ । त्यसको अनुपातमा निर्यातचाहिँ नगण्य छ । यसैका कारण व्यापार सन्तुलनमा कहालीलाग्दो स्थितिमा पुग्न लागेका छौँ ।
- प्राकृतिक स्रोतमा धनी छौँ भनिरहेका छौँ । जलस्रोत, कृषि, वन पैदावार, पर्यटन जस्ता क्षेत्रमा विकासको प्रशस्त सम्भावना छ भनेर हामी आफूलाई ती क्षेत्रका धनी सम्झँदै आएका थियौँ । तर तिनै कुरामा अरू थुप्रै देशले नपत्याउँदो तरिकाले छलाङ मारेको हामी नै देखिरहेका छौँ ।

यति मात्र होइन –

- एसियाकै मुलुक इजरायलमा जमिनको धेरै भाग मरुभूमि छ । हामीभन्दा धेरे सानो क्षेत्रफल र जनसङ्ख्या भएको त्यो मुलुकले ड्रिप इरिगेसनसम्म बेहोर्दै कृषि क्षेत्रमा चमत्कार देखाइसकेको छ ।
- कृषि र वन पैदावारमा न्युजिल्यान्ड र अस्ट्रेलिया धेरै माथि पुगिसके । ती राष्ट्र अहिले मानव संसाधनका लागि विद्यार्थी उत्पादन र आकर्षणमा उम्दा सावित भइसकेका छन् ।

- दक्षिण कोरिया भनौं या सिङ्गापुर भनौं, ती देश प्राकृतिक स्रोतमा धेरै गरिब छन् । तर मानव विकासमा धेरै अगाडि पुगिसकेका छन् ।
- सूचना प्रविधिको विकास सुरु भएको पचास वर्ष पनि भएको छैन । त्यसैका माध्यमबाट पहिलेदेखिका विकसित राष्ट्र मात्र होइन, अरू सानातिना मुलुकहरू पनि धेरै अगाडि पुगिसकेका छन् ।

दुःखका साथ भन्नुपर्छ –

- जलस्रोतको धनी भनिएको नेपालले ठूला सहरहरूमा पनि खानेपानी पुऱ्याउन सकेको छैन । आधुनिक प्रविधिको प्रयोग गर्दै मेलम्चीको पानी निकाल्न बीसौं वर्ष कुर्नुपरेको थियो । वितरण सुरु पनि भयो । तर त्यो नआइपुग्दै बाढी-पहिराले त्यो पनि प्रभावित हुन पुगेको छ । अहिलेको प्रविधि विकासको बिगबिगी भइरहेको बेला साधारण प्रविधि भित्र्याउने काममा पनि हामी पछि परेका रहेछौं भन्ने उदाहरण यसले देखाएको छ ।
- चीनले ठूला-ठूला पहाडहरू छेडी तिब्बतमा मेट्रो रेल पुऱ्याइदियो । केही पनि असम्भव छैन भन्ने यसले देखाइदिएको छ । हामीचाहिँ जयनगरदेखि बर्दिवाससम्म रेल चलाउन विदेशी सहयोगको आशा गर्ने र रेलवेको सञ्चालनका लागि जमिन प्राप्त गर्न नसक्ने अवस्थामा छौं ।

तर हामी निराश हुनुपर्ने अवस्थामा चाहिँ पुगेका होइनौं । यी सबै चुनौतीहरूलाई अवसरका रूपमा उपयोग गरेर हामी पनि सम्पन्न बन्न सक्छौं ।

- एक-दुई दशक पहिलेसम्म आमदानी गरेको सम्पूर्ण विदेशी मुद्रा खर्च गर्दा पनि पेट्रोलियम पदार्थ भित्र्याउन लाग्ने पैसा पुग्दैन भन्ने अवस्थामा थियौं । आज हाइड्रोपावरमा २-३ हजार मेगावाट प्रयोग गर्ने अवस्थामा पुगेका छौं । अरू ३-४ हजार मेगावाट चाँडै उत्पादन हुँदैछ ।
- रेलवे यातायातदेखि सहरहरूमा हामी पनि मेट्रो रेल चलाउन सक्छौं भन्ने अवस्थामा हामी पुग्न लागेका छौं भन्न पाउँदा राहतको अनुभूति हुन्छ ।
- ग्रिन इनर्जीको प्रयोगमा ढिलो गर्नु उचित छैन । पेट्रोलियम पदार्थको भाउ हप्ताहप्तामा बढाउन बाध्य हुने पनि हामी नै भयौं । अब सकेसम्म पेट्रोलियम पदार्थको ठाउँमा विद्युतको प्रयोग गर्नुपर्छ । त्यसो भयो भने विदेशी मुद्रा थुप्रै बचत हुन पुग्छ ।
- अब परनिर्भरताभन्दा आत्मनिर्भरतातिर सोच्नैपर्छ । हामीले धेरै वस्तु बाहिरबाट किन्न विदेशी मुद्रा नै चाहिन्छ । हामीले त्यो कसरी जुटाउने, स्पष्ट हुनु आवश्यक छ ।

हामीले अब विदेशी सहायताको आशा गर्न छोड्नुपर्छ र आफ्ना उत्पादन बाहिर बेच्ने क्रम बढाउनुपर्छ । त्यसो गर्नका लागि –

- सीपमा आधारित वस्तु उत्पादन गर्न थाल्नुपऱ्यो ।
- सीपयुक्त प्राविधिक युवाको जमात निर्माण गर्नुपऱ्यो ।

त्यस्ता व्यक्तिमध्ये धेरै वर्ष लगाएर पढ्नुपर्ने उच्च तहका विज्ञ पनि चाहिन्छन्, त्योभन्दा तेब्बर-चौबर सङ्ख्यामा मध्यम तहका जनशक्ति चाहिन्छन् र अझ बढी त निम्न तहका

कालिगढ चाहिन्छन् । पछिल्ला दुई तह तयार गर्न धेरै वर्ष लाग्दैन । यी कुराको जिम्मा लिने काम पोखरा विश्वविद्यालय जस्ता संस्थाले गर्नुपर्छ । हामीले गरेर खाने जमात तयार गर्नुछ । मागेर खाने होइन, ठगेर खाने होइन, लुटेर खाने होइन, गरेर खाने शिक्षा वा तालिमको आज बढी खाँचो छ । विश्वविद्यालयले त्यसका लागि पोख्त प्रशिक्षक तयार पार्नमा ठूलो मदत गर्न सक्छ ।

आज स्नातक हुने र स्नातक तयार गर्ने निकायले –

- खाद्य वस्तु, ऊनबाट बन्ने पस्मिना, गलैंचा आदिको उत्पादन र प्रयोगमा बढी ध्यान दिने बेला भएको छ ।
- रेलवे इन्जिनियरिङ, खाद्य वस्तु उत्पादन, निर्माण र यातायातलाई सघाउने प्राविधिज्ञको जमात तयार गर्नुपरेको छ र त्यस काममा बाटो देखाउन वा पथप्रदर्शन गर्नु आवश्यक छ ।
- कम्तीमा आउँदो दुई-तीन दशकसम्म पर्यटन व्यवसाय र निर्माण कार्यलाई सघाउने अनि खाद्य वस्तु उत्पादन गर्ने शिक्षामा जोड दिनुपरेको छ ।

अब धेरै कुरा सिक्नका लागि सूचना र सञ्चार व्यवस्थाको व्यापक प्रयोग गर्नमा युवा पिँढीलाई लगाउन, शिक्षाप्रतिको सोचलाई उत्पादनमुखी बनाउन अरूसित आशा गर्ने समय छैन । आफैँले हात हालेर गर्ने र देखाउने बेला आएको छ ।

- प्रविधि स्थानान्तरण (ट्रान्सफर अफ टेक्नोलोजी) यथाशीघ्र गरी समस्याको पहिचान, समस्याको समाधान आफैँले गर्नुपरेको छ ।
- स्वास्थ्य, सञ्चार, कृषि र निर्माण क्षेत्रको विकासको राम्रो मार्गचित्र तयार गरी युद्धस्तरमै कार्य गर्नुपरेको छ ।

यस्ता सबै काममा पोखरा विश्वविद्यालयले अङ्गिकार गरेको भूमिकालाई दृष्टिगत गर्दै अगाडि बढ्यौं भने परनिर्भरता घटेर आत्मनिर्भरता बढी युवा बेरोजगारी पनि घट्ने स्पष्ट खाका बन्न सक्छ ।

अत्याधुनिक प्रविधिको प्रयोग गरे मात्र स्तरयुक्त वस्तु उत्पादन हुन सक्छ । त्यसको प्रयोगबाट दुग्ध पदार्थ, मांस पदार्थ, ऊनीका वस्तुहरू निर्यात गर्ने लक्ष्य राख्नु आवश्यक छ । औषधिजन्य वस्तु उत्पादन गर्न सके धेरै जनताको हित हुन सक्ने सम्भावना बढ्न सक्छ । पर्यटन विकासलाई दृष्टिगत गरेर काम गर्दा नेपाललाई राम्रो हुने निश्चित नै छ ।

अब जलविद्युतमा ५ हजार मेगावाट चाँडै उत्पादन हुँदैछ । अब फोसिल फ्युलको आयातलाई जलविद्युत, वायुविद्युत, सौर्यविद्युत उत्पादन गरी विस्तारित गर्नुछ । पेट्रोल, डिजेल, मट्टितेल र खाना पकाउने ग्यासलाई देशमा नै उत्पादित विद्युतले विस्थापित गर्नुछ ।

अहिलेको स्थिति हेर्दा –

- देशका महानगरहरूमा ट्राफिक म्यानेजमेन्ट गर्न धेरै कठिनाइ पर्दै गएको छ ।

- विद्युतीय रेलमार्गको सम्भाव्यता बढेको देखिन्छ ।
- जलस्रोतका मुहानहरूको संरक्षण पनि गर्नुछ ।
- कुनाकुनासम्म यातायातको सुविधा पनि पुऱ्याउनुछ ।
- दूषित वायु, दूषित पानी सोलिड वेस्ट म्यानेजमेन्टबाट प्रदूषणमुक्त बनाउनुछ ।

यी कार्यहरूको राम्रो व्यवस्था गर्न प्रविधि हस्तान्तरण (टेक्नोलोजी ट्रान्सफर) पनि गरिहाल्नुपरेको छ ।

समस्याहरू थुप्रै छन् र बढ्दै पनि छन् । देशको वातावरण अनुकूल सही किसिमका उपायहरू अवलम्बन गरी सरकारलाई सघाउनुपरेको छ । यसैले अब खुल्ने सङ्घीय तहका, प्रान्तीय तहका र महानगरीय तहका विश्वविद्यालयको भूमिका पनि बढेको देखिन्छ ।

पर्यटन व्यवसायमा, ऊर्जा उत्पादन र व्यवस्थापनमा, सूचना एवं सञ्चार क्षेत्रको भूमिका बढाउनमा, वातावरण संरक्षण (ग्लोबल वार्मिङ) बाट मौसमको संरक्षण गर्नमा नेपालमा थुप्रै विज्ञ एवं प्राविधिकहरू चाहिन्छन् । यी अवसर र चुनौतीसित सजग रहन आज दीक्षित स्नातकहरूलाई म आह्वान गर्न चाहन्छु ।

- विपद व्यवस्थापन, मौसम परिवर्तन, हिमनदी संरक्षण जस्ता विषयमा अनुसन्धान गर्नेदेखि स्टिम इन्जिन, सुरुङ मार्ग, रोपवे आदिका प्राविधिक ज्ञानहरूका अनुसन्धान केन्द्रहरू स्थापना गरी अध्ययन-अनुसन्धान विधामा विशिष्ट स्थान बनाउने काममा पोखरा विश्वविद्यालयको अग्रणी भूमिका रहन सकोस् भन्ने शुभकामना पनि म व्यक्त गर्न चाहन्छु ।
- आर्थिक विकासमा फड्को मार्नुका साथै भौगोलिक र सांस्कृतिक विधामा गहन अन्वेषण गर्नका लागि सम्पदा संरक्षण, सम्पदा व्यवस्थापन र अन्वेषण जस्ता विश्वविद्यालयका तीन प्रमुख भूमिकाका माध्यमबाट यस विश्वविद्यालयले समुचित भूमिका निर्वाह गर्न सकोस् भन्ने पनि म कामना गर्दछु ।

अन्त्यमा, आज दीक्षित हुने तपाईं स्नातकहरूले आफ्नो कर्मक्षेत्रमा कर्मठताका साथ लागेर आफ्नो भविष्यका साथै आफ्नो मुलुकको भविष्य पनि उज्ज्वल बनाउनुहुनेछ भन्ने विश्वास व्यक्त गर्दछु । धन्यवाद !

२०७८ साल फागुन ८ गते आइतबार
पोखरा ।